"पाँचखाल नगर–कृषि सहर"

# पाँचखाल नगर पालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

## लागत साझेदारीमा भैसी (थोरे) प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी दरखास्त आव्हानको सुचना।

प्रथम पटक प्रकाशित:२०७८/०२/

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका अन्तर्गत पशुपन्छी शाखाले आ.व.०७७/७८ मा संचालन गर्ने निम्न लिखित कार्यक्रमहरु लागत साझेदारीमा भैसी /थोरे वितरण लगायत सो सम्बन्धित अन्य कार्यक्रम समेत संचालन गर्नका लागी पाँचखाल नगरपालिको मिति २०७७/११/१४ को निर्णय र"लागत साझेदारीमा पशुपन्छी प्रवर्दन कार्यक्रम कार्य संचालन प्रकृया २०७७" बमोजिम कृषकहरुको ५० प्रतिशत र संघिय तथा प्रदेश सरकारको ५० प्रतिशतमा विधुतिय खरिद प्रकृयाबाट खरिद हुन लागेको भैसी /थोरेहरु जम्मा १५४ मध्ये तपसिलको वडामा तपसिल बमोजिम वितरण गर्नु पर्ने भएकाले वडा नं ५ र १३ भित्रका इच्छुक सहकारी संस्था/कृषक समुह र समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको **Website www.moald.gov.np** बाट अनुसुची २ बमोजिमको कार्य योजना र अनुसुची ३ बमोजिमको निवेदन डाउनलोड गरेर वा वडा नं ५ र १३ को कार्यालयबाट सो अनुसारका फाराम लिई आवश्यक कागजात संलग्न राखि वडा नं ५ र १३ को कार्यालय वा पशुपंक्षी शाखामा पेश गर्नु हुन अनरोध छ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ। अन्य थप जानकारीका लागी फोन नं ९८४१४१४००१ मा सम्पर्क गनु हुन अनुरोध छ।

| क.स. | कार्यकम | वडा नं | भैसि / पाडी संख्या |
|---|---|---|---|
| १ | संघिय सरकार र निजी कृषकहरुको लागत साझेदारीमा मध्य पहाडी लोकमार्ग दुध उत्पादन कार्यकमको भैसि /पाडी वितरण | ०५ | ९७ |
| २ | प्रदेश सरकार र निजी कृषकहरुको लागत साझेदारीमा मध्य पहाडी लोकमार्ग दुध उत्पादन कार्यकम स्थानिय तहको सञ्चालन हुने भैसि / पाडि वितरण | १३ | ५७ |

आवश्यक कागजातहरु

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
२. सहकारी संस्थाको हकमा कृषि/पशुपालन तथा दुग्ध ब्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजात।
३. समुह/समिति/सहकारी संस्थाको आ.व. ०७६/७७ को लेखा परिक्षण प्रतिवेदन र सोहि अवधिको कर चुक्ता प्रमाणको प्रतिलिपी।
४. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी।
५. समुह/समिति/सहकारी संस्थाका कार्य समिती तथा सम्पुर्ण सदस्यहरुको नामावली।
६. सम्बन्धीत वडा कार्यालयको सिफारिस।
७. यस सम्बन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पाँचखाल नगरपालिकामा सुरक्षित हुनेछ।

शिव प्रसाद हुमागाई
प्रमुख प्रशासकिय अधिकृत